उपभोक्तालाई संचार

सेवा उच्चित तरिकाले

सुझाव

# प्रयोग गर्ने सुझावहरु




通訊事務管理局
COMMUNICATIONS
AUTHORITY

## सुझाव 01 तपाईको मोबाईल फोनको डाटा सुरक्षित गर्नुहोस् ।

- तपाईको मोबाईल फोन र प्रयोगकर्ताको खाता खोल्नको लागि अक्षर, अंक र चिन्ह भएको "कडा पासवर्ड" बनाउनुहोस् ।
- विभिन्न कार्य र प्रयोगकर्ताको खाताको लागि एउटै पासवर्डको प्रयोग नगर्नुहोस् ।
- एन्टी भाईरस र चोरी विरुद्ध सुरक्षित स्फटवेर लगाउनुहोस् ।
- कुनै पनि अज्ञात स्रोतहरुबाट एप्स वा डकुमेन्टहरु डाउन्लोड नगर्नुहोस् ,वा शंकासपद स्रोतबाट लिङ्क, वेबपेज वा कोड नखोल्नुहोस् ।
- तपाईको मोबाईल फोनमा भएको जानकारीहरु सजिलैसँग एप्सद्धारा प्राप्त  हुन नदिनुहोस् ।
- मोबाईल अपरेटिङ सिस्टमलाई चाँडै नँया प्रणालीमा अपडेट गर्नुहोस् ।
- पुरानो फोनको सट्टा नँया फोन लिनु अघि वा फाल्नु अघि त्यसमा भएको सम्पूर्ण डाटाहरु मेटाउनुहोस् ।
- तपाईको मोबाईल फोनको डाटाहरु नियमित रेकर्ड गरि सम्हालेर राख्नुहोस् ।
- जब तपाईलाई ईन्टर्नेटको जडान अन्य उपकरणसँग गर्नु नपरेमा तिथर्रिङ्ग फङ्सनलाई ( जसलाई "व्यक्तिगत हटस्पोट" वा "मोबाईल हटस्पोट" पनि भनिन्छ ) बन्ध गर्नुहोस् ।



## सुझाव 02 मोबाईल डाटा सेवाको उच्चित प्रयोग गर्नुहोस् ।

अहिले केहि संचालकहरुले असीमित मोबाईल डाटा सेवा योजना दिएका छन् ।यस प्रकारको सेवा योजना प्राय:उचित प्रयोग नीति (FUP) को अधीनमा छ जसमा प्रयोगकर्ताहरूले मोबाईल डाटा सेवाहरूको आनन्द उठाउन उचित मौका पाउन भनि निश्चित गर्छन् । यदि प्रयोगकर्ताले डाटाको प्रयोग FUP अन्तर्गत संचालकले तोकिएको सिमित सेवा भन्दा धेरै प्रयोग गर्छ भने, अपलोड र डाउन्लोड गर्ने रफ्तार केहि हदसम्म कम भएर जान्छ । यसैले तपाईलाई सल्लाह दिईन्छ :

- सम्झौता पत्रमा हस्ताक्षार गर्नु अघि अपरेटरलाई FUP को विवरणहरु बारे सोध्नुहोस् ।
- तपाईको आवश्यकतालाई मिल्ने सेवाको सुनिश्चित गर्न ,सम्झौता पत्रमा लेखिएको कुरा सावधानीपूर्वक हर्नुहोस् ।

तपाईले Wi-Fi प्रयोग गरि ईन्टर्नेट प्रयोग गर्नु भए तापनि, Wi-Fi को सिगनल कम भए को बेला वा Wi-Fi नभेटेको ठाँउमा पनि तपाईको मोबाईल फोनमा स्वतः मोबाईल डाटा सेवाको (i.e. 3G/4G) प्रयोग भईनै राखेको हुन्छ । अनियमित मोबाईल डाटा सेवाको प्रयोग रोक्न , तपाइले :

- मोबाईल डाटा सेवाको आवश्यक नभएको बेला डाटालाई बन्द गर्नुहोस् ।
- Wi-Fi एसिस्ट फङ्गसनको आवश्यक नभएको बेला यसलाई बन्द गर्नुहोस् ।
- Wi-Fi द्वारा इन्टर्नेट प्रयोग गरेको बेला तपाईको मोबाईलमा मोबाईल डाटा सेवा प्रयोग भएको छैन भन्ने कुरा बारम्बार जाँच गरि सुनिश्चित गर्नुहोस् ।
- समय समयमा तपाईको मोबाईल डाटाको प्रयोग असामान्य रुपले वृद्धि भएको छ कि भनि जाँच गर्नुहोस् ।



## सुझाव 03 डाटा रोमिङ्ग शुल्कहरु बारे ध्यान दिनुहोस् ।

विदेश भ्रमणमा जाँदा यदि मोबाईल डाटा सेवाको **आवश्यक नभएमा** , तपाईले:

- अपरेटरलाई मोबाईल डाटा रोमिङ सेवा निष्क्रिय (केहि समयको लागि बन्द गर्नु)गर्नको लागि अनुरोध गर्नु सक्नुहुन्छ ।
- तपाईको मोबाईल फोनमा दुवै डाटा र डाटा रोमिङको सेवा बन्द गर्नुहोस् ।

विदेश भ्रमणमा जाँदा यदि मोबाईल डाटाको **आवश्यक परेमा** ,तपाईले:

- हङकङबाट प्रस्थान हुनु अघि तपाईको अपरेटरसँग मोबाईल रोमिङ डाटा सेवाको उपलब्धता बारे , रोमिङ प्रक्रिया बारे र गन्तव्यमा यस सेवा योजनाहरूको विवरण बारे बुझ्न सक्नुहुन्छ ।
- अधिकतम शुल्क वा सीमित प्रयोग हुने डाटा रोमिङ सेवा योजनाको छनोट गर्ने बारे विचार गर्नुहोस् ।
- दैनिक दर डाटा रोमिङ योजनाको छनोट गर्दा , सेवाको सुरुवात र अन्त समयको जाँच गरेर कसरी दैनिक दर लिइराखेको छ भन्ने बारेमा ध्यान दिनुहोस् , यदि सबै गन्तव्यको लागि एउटै शुल्क लिएको छ कि छैन , र के यो योजना तोकिएको ठाँउको लागि मात्र लागु हुनेछ भन्ने बारेमा ध्यान दिनुहोस् ।
- गोजीमा राख्न सकिने Wi-Fi उपकरण भाडामा लिने वा त्यस गन्तव्यमा प्रयोग गर्न मिल्ने प्रिपेड मोबाईल डाटा सिम कार्ड खरिद गर्ने बारे विचार गर्नुहोस् ।

मोबाईल डाटाको प्रयोग कम गर्नको निम्ति , तपाईले:

- केहि सामाजिक मिडियाको एप्सहरुमा स्वत: डाउनलोड हुने प्रक्रिया वा मल्टी मिडियाको सूचिहरु स्वत: संचालन हुने फङसनलाई बन्द गर्नुहोस् ।
- ईमेल ,एप्स र अन्य सफटवेरको स्वत अपडेट हुने फङसनलाई बन्द गर्नुहोस् ।



हङकङ र मेन लेन्ड बीच निकट सम्बन्ध भएको हुनाले , मेन लेन्डको सीमा क्षेत्रहरूमा मोबाइल फोनहरुको मोबाइल नेटर्वक स्वत: जडान हुनसक्छ । डाटा रोमिङ सेवाको अनियमित प्रयोग हुनुबाट रोक्न , तपाईले:

- तपाई हङकङमा भएको बेला, तपाईको मोबाइल फोनमा डाटा रोमिङ सेवा बन्द गर्नुहोस् , वा अपरेटरलाई मोबाइल डाटा रोमिङ सेवा निष्क्रिय गर्नको लागि अनुरोध गर्नुहोस् ।
- मोबाईल फोनलाई म्यानुअल नेटर्वक छनोटमा राख्नुहोस् ताकि सो फोनले तोकिएको स्थानिय नेटर्वक टिप्नेछ ।

## सुझाव 04 संचार सेवाको सम्झौता बारे बुझ्नुहोस् ।

जुलाई 2011 बाट, नँया दूरसंचार सेवाको सम्झौता पत्र लिने वा सम्झौता पत्र नवीकरण गर्ने व्यक्ति वा स्थानिय प्रयोकर्ताहरुलाई सबै निश्चित प्रमुख र मोबाईल नेटर्वक अपरेटरहरुको दूरसंचार सेवा सम्झौताको उद्योग कोड नियामावली ("उद्योग कोड") लागूसँगै सुरक्षा बढाईएको छ । मे 2015 बाट उपभोक्ताको ईच्छालाई अझ सुरक्षित गर्न संशोधित उद्योग कोड लागू गरिएको हो ।



संचार सेवाको सदस्यता लिनु अघि कृपया निम्न कुराहरुमा ध्यान दिनुहोस्:

- तपाईको आवश्यकतासँग सो सेवा मिल्छ भन्ने कुरा निश्चित गर्नुहोस् ।
- शुल्क र सेवाको सर्तहरु राम्ररी जाँच गर्नहोस् ।
- उपहार वा छूटको सेवाको लागि सम्झौता पत्रमा हस्ताक्षर नगर्नुहोस् ।
- अन्य अपरेटरहरुले दिएको प्रस्तावहरु पनि तुलना गर्न केहि समय लिनुहोस् ।
- सम्झौता पत्रमा भएको सबै विवरणहरु नबुझेसम्म त्यस सेवाको सम्झौता पत्रमा हस्ताक्षर नगर्नुहोस् ।

सुझाव **05**

# व्यापार विवरण अध्यादेश अन्तर्गत उपोभोक्ताहरुको सुरक्षा


- व्यापार विवरण अध्यादेशको(ट्रेड डिसक्रिप्सन ओडिनेनस् ,TDO) उचित व्यापारिक खण्डले अनुचित व्यापारिक अभ्यासहरूलाई निषेध गर्दछ , जस्तै:
    - गलत व्यापारिक विवरणहरु
    - भ्रमलाई हटाउने
    - कडा व्यवसायिक अभ्यास
    - विज्ञापनद्वारा प्रलोभन
    - प्रलोभन र परिर्वतन
    - गलत तरिकाले भुक्तानी स्वीकार गर्नु
- सामान्यता,अनुबंधीय विवाद र उपभोक्ताको सेवा गुणस्तर सम्बन्धित समस्याहरु TDO को दायारा भन्दा बाहिरको कुरा हो ।
- तपाईले प्रसारण वा दूरसंचारको लाइसन प्राप्त व्यक्तिद्वारा TDO को उच्चित व्यापारिक खण्डको शंकापद तरिकाले उल्लघंन गरेको बारे संचार प्रधिकरणको कार्यलयमा(OFCA) रिपोर्ट गर्नु सक्नुहुन्छ ।
- OFCA लाई अनुसन्धान गर्नको लागि उजुरीकर्ताको सहयोग धेरै जरुरी हुन्छ । उजुरीकर्ताले:



- छिटो भन्दा छिटो उजुरी रिपोर्ट गर्नुपर्छ । ;
- उजुरीलाई सहयोग पुराउन सक्ने उपयुक्त कागजातहरु उपलब्ध गर्नुहोस् (जस्तै सम्झौता पत्र, बिलहरु , प्रिपेडकार्डहरु, विज्ञापन, ठेगाना, बिक्रेताको परिचय पत्र आदि ); र
- आवश्तकता परेमा ,अदालतको प्रक्रियामा OFCAलाई साक्षी बयान दिनुहोस् वा अभियोगको साक्षी बन्नुहोस् ।

*कस्टम र कर विभाग एक TDO लागू गर्ने एक मुख्य एजेन्सी हुन । प्रसारण अध्यादेश अन्तर्गत लाइसम प्राप्त व्यापारिक अभ्यास वा प्रसारणको प्रावधानमा दूरसंचारको अध्यादेश वा दूरसंचार सेवाको सम्बन्धमा समकालीन क्षेत्रधिकारले संचार प्रधिकरणलाई TDOको उचित व्यवासाय लागू गर्ने प्रदान गरेको छ ।*

थप जानकारी निम्न हाइपरलिङ्कमा उपलब्ध छ :
https://www.ofca.gov.hk/en/contact_us/support/nepali/index.html




संचार प्रधिकरणको कार्यलय:
टेलिफोन: 2961 6333 | वेबसाईट: www.ofca.gov.hk